# महावै राजपत्र

महावै गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ७ संख्या १६ मिति २०८० माग २८ गते

## भाग २

### महावै गाउँ कार्यपालिकाको कार्यालय

महावै गाउँ सभाले बनाएका तल उल्लेखित ऐन कर्णाली प्रदेशको गाउँ सभा नगर सभाको कानून निर्माण प्रक्रिया सम्बन्धी ऐन २०७५ दफा २४ उपदफा (५) बमोजिम सर्वसाधारण जनताको जानकारीका लागि प्रकाशन गरिएको छ:

### संवत् २०८० सालको कार्यविधि नं १६

## महावै गाउँपालिका
## सूचना तथा प्रविधि प्रयोग सम्बन्धी कार्यविधि, २०८०

**प्रस्तावना:**

सूचना र सञ्चार प्रविधिमा भएको तीव्र विकासले गर्दा आधुनिक विश्व नै एक गाउँ (Glovbal Village) मा रुपान्तरण भएको छ । हालका वर्षहरुमा दिगो विकास बृहत लक्ष्य हासिल गर्न अवलम्बन गरिएका रणनीतिहरुको केन्द्रमा सूचना तथा सञ्चर प्रविधि रहदै आएको छ ।

विश्वव्यापी रुपमा सूचना तथा सञ्चार प्रविधिको बढ्दो प्रयोगले सामाजिक अन्तरकृया (Social Interraction) तथा सार्वजनिक सेवा तथा सूचान प्रवाहमा आधारभूत परिवर्तन आएको छ । सूचना तथा सञ्चार प्रविधिको प्रयोग मार्फत प्राप्त हुने अन्य लाभका अतिरिक्त, यो प्रविधिको प्रयोगबाट सुशासनको प्रत्याभूत गर्नुका साथै पारदर्शी एवं प्रभावकारी सार्वजनिक व्यवस्थापनको लागि यथेष्ट पूर्वाधार निर्माण गर्न सहज हुने अपेक्षा गरिएको छ । साथै सूचना प्रविधि र सूचना प्रविधिमा आधारित विभिन्न सेवाहरु (Information Technology - Information Technology Enabled Services/Business Process Outsourcing) लगायत अन्य उद्योग एवं सेवाजन्य व्यवसायको वृद्धिद्धारा वृहत्तर राष्ट्रिय लक्ष्यहरु हासिल गर्नमा समेत यो प्रविधि सहायक हुने देखिएको छ ।

सूचना तथा सञ्चार प्रविधिको प्रयोग, निरन्तर विकास एवं गतिशीलताबाट उपयुक्त अवसर सँगै नीतिगत चुनौतीहरु पनि सिर्जना भैरहेको छन् भने यस क्षेत्रको गतिशीलतालाई नीतिग रुपले सम्बोधन गर्न देशमा हाल विद्यमान नीतिगत, संस्थागत तथा नियामक व्यवस्था पनि अपर्याप्त देखिएका छन् । समकमालीन सूचना तथा सञ्चार प्रविधि क्षेत्रमा भएको गतिशीलता एवं निरन्तर विकासद्धारा सिर्जीत नीतिगत चुनौती सम्बोधन गर्न यो सुचना

तथा सञ्चार प्रविधिको आवश्यकता भएकोले नेपाल सरकारको सूचना तथा सञ्चार प्रविधि नीति, २०७२ ले सन् २०२० सम्ममा ९० प्रतिशत जनतालाई ब्रोडव्याण्ड सेवामा पहुँच पुऱ्याउने लक्ष्य लिएको छ । यस प्रकारको पहुँचले खासगरी हाम्रो जस्तो ग्रामीण क्षेत्रको विकासमा सघाउ पुऱ्याउँछ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ दफा ११ (ङ) ५ र (च) ४ मा व्यवस्था भए अनुसार सूचना तथा सञ्चार प्रविधिको प्रयोगबाट सृजित अवसर एवं चुनौती सम्बन्धी विषयमा प्रकृयागत स्पष्टता ल्याई स्थानीय सेवाको व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधि र संयन्त्र/प्रणालीहरुको उपयोग, प्रवर्द्धन र नियमन गर्न आवश्यक भएकाले, महावै गाउँपालिकाको मिति ................ को बैठकले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद-१५, दफा १०२ को उपदफा (२) बमोजिम यो कार्यविधि बनाई लागु गरेको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

१) यो कार्यविधिको नाम **"सूचना तथा सञ्चार प्रविधिको प्रयोग सम्बन्धी कार्यविधि, २०८०"** रहेको छ ।

२) यो कार्याविधि महावै गाउँपालिकाको कार्यपालिकाले स्वीकृत गरी राजपत्रमा प्रकाशन गरेको मितिदेखि लागु हुनेछ ।

## २. परिभाषाः

**विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,**

क) **"अध्यक्ष"** भन्नाले यस महावै गाउँपालिकाको कार्यपालिकाको बैठकको अध्यक्षता गर्ने व्यक्ति र प्रमुखलाई सम्झनु पर्दछ ।

**ख) "उपाध्यक्ष"** भन्नाले यस महावै गाउँपालिकाको कार्यपालिकाको बैठकको अध्यक्षता गर्ने व्यक्ति र उपप्रमुखलाई सम्झनु पर्दछ ।

**ग)"वडा अध्यक्ष"** भन्नाले यस महावै गाउँपालिकाको सम्बन्धित वडाको वडा अध्यक्ष सम्झनु पर्दछ ।

घ) **"आयोजना"** भन्नाले यस महावै गाउँपालिकाले सञ्चालन गर्ने पूर्वाधार विकास लगायत विभिन्न योजना तथा कार्यक्रमलाई सम्झनु पर्दछ ।

ङ) **"ऐन"** भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनु पर्दछ ।

च) **"कार्यविधि"** भन्नाले "सूचना प्रविधिको प्रयोग सम्बन्धी कार्यविधि, २०८०" सम्झनु पर्दछ ।

छ) **"कार्यपालिका"** भन्नाले महावै गाउँपालिकाको कार्यपालिकालाई सम्झनु पर्दछ ।

ज) **"कार्यालय"** भन्नाले महावै गाउँपालिकाको कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ र यो शब्दले महावै गाउँपालिकाको संगठन संरचनामा रहेको

शाखा/उपशाखा/केन्द्र/एकाई वा राजस्व प्रशासनका लागि गठन गरिएको प्रशासनिक इकाई वा वडा कार्यालय समेतलाई जनाउँछ।

झ) **"नीति"** भन्नाले स्थानीय सूचना तथा सञ्चार प्रविधि नीति, २०७२ लाई सम्झनु पर्दछ।

ञ) **"गाउँपालिका"** भन्नाले महावै गाउँपालिकालाई सम्झनु पर्दछ।

ट) **"वडा ससिति"** भन्नाले महावै गाउँपालिका अन्तरगत रहेका वडाका वडा समितिलाई सम्झनु पर्दछ।

ठ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ बमोजिम नियुक्त महावै गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

ड) **"सूचना अधिकारी"** भन्नाले महावै गाउँपालिकाले नियुक्त गरेको वा जिम्मेवारी दिएको कर्मचारी सम्झनु पर्दछ।

ढ) **"प्रणाली"** भन्नाले महावै गाउँपालिकाले विद्युतीय सूचना प्रविधिको प्रयोग सम्बन्धी विकास तथा प्रयोग गरेको विभिन्न प्रणालीहरु (System) लाई सम्झनु पर्दछ।

ण) **"सूचना प्रविधि विकास कोष"** भन्नाले महावै गाउँपालिका प्रयोग गर्दै आएको सूचना र प्रविधि सम्वन्धी कार्यलाई सूचारु गर्नका लागि स्थापना गरेको कोषलाई सम्झनु पर्दछ।

त) **"मोबाइल एप्स"** भन्नाले महावै गाउँपालिकाले कर्मचारी तथा सर्वसाधारण नागरिकलाई सूचना संप्रेषण गर्न विकास तथा प्रयोग गरेको विभिन्न स्मार्ट मोबाइल मार्फत सञ्चालन गर्न सकिने एप्सहरुलाई सम्झनु पर्दछ ।

थ) **"वडा कार्यालय"** भन्नाले महावै गाउँपालिका अन्तर्गतका वडा कार्यालयहरुलाई सम्झनु पर्दछ ।

द) **"वेब/पोर्टल"** भन्नाले महावै गाउँपालिकाको कार्यापालिकाको वेवसाइट, पोर्टल तथा ब्लग पालिकाले पारदर्शिता, जवाफदेहिता तथा खुला तथ्याङ्क/खुला सरकार अवधारणा प्रवर्द्धनको लागि विकास गरेको वेव हबलाई सम्झनु पर्दछ ।

ध) **"विद्युतीय प्रविधि"** भन्नाले कम्प्युटरमा आधारित प्रविधिलाई सम्झनु पर्दछ ।

न) **"सुशासन समिति"** भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद-५ को वुँदा नं. २२ को समितिको गठन सम्बन्धी गरिएको व्यवस्था अनुसार गठन गरिने समितिलाई सम्झनु पर्दछ ।

प) **"सूचना प्रविधि"** भन्नाले महावै गाउँपालिकाको कार्यालय सञ्चालन गरिने कुनै पनि प्रकारको विद्युतीय सूचना प्रविधि सम्बन्धी गतिविधिलाई सम्झनु पर्दछ ।

## परिच्छेद-२

## सूचना प्रविधिको प्रयोग गरिने क्षेत्र तथा सञ्चालन विधि

विद्युतीय सूचना प्रविधिलाई महावै गाँउपालिकाले आफ्नो दैनिक कार्यलाई छिटो छरितो र चुस्त दुरुस्त राख्न विभिन्न प्रणाली/संयन्त्रहरुको विकास गरी प्रयोगमा ल्याउनेछ । त्यसैगरी विकास भइसकेका यस्ता प्रणाली/संयन्त्रहरुको प्रभावकारी प्रयोगको लागि वडा कार्यालयलाई समेत निर्देशन गर्न दिइनेछ । जस अन्तर्गत निम्न लिखित कार्यहरु गरिनेछ ।

क) संघीय तथा प्रदेश सरकारले अनिवार्य गरेको सूचना प्रविधि तथा सफ्टवेयरहरुलाई महावै गाउँपालिकाले कार्यप्रणालीमा समावेश गर्नका लागि आवश्यक कार्वाही गर्ने ।

ख) महावै गाउँपालिकाको हरेक काम कार्वहीलाई कम्प्युटर प्रविधिमा डिजिटाइज्ड (Digitized) गर्दै कागज रहित सेवा सञ्चालनमा जोड दिने ।

ग) महावै गाउँपालिकाको पूर्वाधार लगायत हरेक आयोजनाहरु विद्युतीय प्रविधि मार्फत व्यवस्थापन गर्ने र लक्षित उपभोक्ताको सहभागिता समेत सुनिश्चित गर्ने ।

घ) महावै गाउँपालिकाले प्रदान गर्ने सूचना तथा सेवाहरुमा आम नागरिकहरुको गुनासो, सुझाव तथा पृष्ठपोषणहरुलाई सहज रुपमा ग्रहण गर्न र उनीहरुलाई आफ्ना कुराहरु राख्न सहज हुने गरी विद्युतीय गुनासो व्यवस्थापन प्रणालीको विकास र प्रयोग गर्ने गराउने ।

ङ) महावै गाउँपालिकाको वार्षिक रुपमा सञ्चालन गर्ने स्थानीय तहको योजना तथा बजेट तर्जुमा र कार्यान्वयनमा महिला तथा सिमान्तकृत वर्गको सहभागिता सुनिश्चित गर्नका लागि उपयुक्त सूचना प्रविधिको प्रयोग गर्ने ।

च) महावै गाउँपालिकाको प्रत्येक आर्थिक वर्ष शुरु भएको १ महिना भित्र वार्षिक नीति, कार्यक्रम तथा बजेटलाई खुला तथ्यांकीय ढाँचामा उपलब्ध हुने गरी वेब/पोर्टलमा राख्ने लेखा तथा राजस्व संकलनमा विद्युतीय प्रविधिको प्रयोग गर्ने ।

छ) महावै गाउँपालिकाले उपयुक्त सामाजिक सञ्चार माध्यम (Social media) बाट आफ्ना नागरिकलाई विभिन्न सूचनाहरु सम्प्रेषण गर्ने ।

ज) "अडियो सहितको विद्युतीय-नागरिक वडापत्र" (E-citizen Charter) तथा ""वहिरगमन अभिमत (Exit Poll) सहितको विद्युतिय-नागरिक प्रतिवेदन पत्र" (E-Citizen Report Card) प्रविधिको विकास र अवलम्बन गर्ने ।

झ) महावै गाउँपालिकाको सेवा प्रवाहबारेमा अधिकतम् नागरिकलाई जानकारी दिन विभिन्न उपयोगी मोबाइल एप्सहरु विकास गर्ने । मोबइल एप्समा प्रयोग गरिने भाषा सिमान्तकृत वर्ग मैत्री हुनेछ ।

ञ) सरकारले सूचनाको हक सम्बन्धि ऐन, २०६४ तथा नियमावली, २०६५ बमोजिम स्वतः खुलासा गर्नुपर्ने

सूचनाहरुलाई आवधिक रुपमा आफ्नो वेब साइट र अन्य माध्यमबाट खुला तथ्यांकीय ढाँचामा सार्वजनिक गर्ने ।

ट) महावै गाउँपालिकाले सम्पादन गर्ने न्यायिक मामिलाहरुको अभिलेखहरु व्यवस्थित गर्न न्यायिक मामिला व्यवस्थापन प्रणालीलाई प्रयोगमा ल्याउने र प्राप्त मामिलाहरुको दर्ता, त्यसको विवरण, मामिलाहरुमा भएको प्रगतिलाई विद्युतीय सूचना प्रविधिको प्रयोग गरी व्यवस्थापन गर्ने ।

ठ) आवश्यक परेका खण्डमा महावै गाउँपालिकाको विकास तथा अवलम्बन गरेको हरेक प्रविधिमा आधारित प्रणाली/संयन्त्रको छुट्टाछुट्टै निर्देशिका बनाई कार्यान्वयन गर्ने ।

ड) महावै गाउँपालिकाको दैनिक कार्यलाई चुस्त दुरुस्त र व्यवस्थित अभिलेख राख्न र नागरिकको सूचनामा सजलै पहुँच अभिवृद्धि गर्नको लागि पालिका सूचना केन्द्र (Municipal Techno-hub) तथा सामुदायिक सुचना केन्द्र (Community Techno-hub) को स्थापना तथा प्रभावकारी सञ्चालनलाई संस्थागत गर्ने ।

## परिच्छेद -३

## सरोकारवाला निकायको भूमिका

१) महावै गाउँपालिकासँग सूचना प्रविधिको प्रयोगको लागि सहकार्य तथा समन्वय गर्ने संघ संस्था, आइटी कम्पनी र राष्ट्रिय तथा अन्तराष्ट्रि विकास साझेदार संस्थाहरु, महावै गाउँपालिकाको सरोकारवाला निकायहरु हुन् ।

२) सूचना तथा संचार प्रविधिको क्षेत्रमा सहयोग गर्ने स्थानीय, राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्थाहरु सँग समन्वय गर्ने ।

३) महावै गाउँपालिकाको आवश्यकताको आधारमा थप सूचना प्रविधिमा सहयोग र सहकार्य गर्ने ।

## परिच्छेद-४

## संस्थागत प्रवन्ध

१) महावै गाउँपालिकाको दैनिक प्रशासनिक एवं सेवाप्रवाहको जिम्मेवारी नेतृत्व, समन्वय तथा सहजीकरण गरी सूचना प्रविधिको विकास तथा अवलम्बनको लागि गठित "सुशासन समिति" लाई सूचना प्रविधिको जिम्मेवारी दिई यस समितिलाई वडा स्तरसम्म्म विस्तार गरिनेछ ।

२) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद-५ (२२) अनुसार "सुशासन समिति" गठन गर्ने ।

३) महावै गाउँपालिकाको सूचना प्रविधि अधिकृत वा सो उपलब्ध नभए सूचना व्यवस्थापनको जिम्मेवारी सहित कुनै एक कर्मचारीलाई सूचना तथा संचर प्रविधि सम्बन्धी संयन्त्र/प्रणालीको सञ्चालनको सम्पर्क व्यक्ति तोक्ने ।

४) महावै गाउँपालिकाको सूचना अधिकृत तथा तोकिएको कर्मचारीले सूचना तथा संचार प्रविधि सम्बन्धी प्रणालीको प्रयोग गरी सम्बन्धित तथ्य एवं जानकारीहरु अद्यावधिक गर्ने ।

५) स्थानीयस्तरका निर्णय प्रकृया, परियोजना/आयोजना कार्यान्वियन तथा त्यसको अनुगमन कार्यहरुमा नागरिकहरुको संलग्नतालाई सुनिश्चित गर्न प्रविधिमा आधारित संयन्त्र/प्रणालीहरुको विकास एवं प्रयोग गर्ने गराउने ।

६) विकास गरिएका संयत्र/प्रणालीको प्रयोगको अवस्था तथा प्रभावकारीताबारे सूचना अधिकृत तथा तोकिएको कर्मचारीले तीन-तीन महिनामा सुशासन समितिलाई लिखित जानकारी दिने ।

७) महावै गाउँपालिकाले सूचना तथा संचार प्रविधि सम्बन्धी प्रणालीको प्रयोगमार्फत तथ्यांक व्यवस्थापन गर्ने कार्यलाई अवलम्बन गर्ने र जनशक्ति विकासका लागि अवाश्यक क्षमता अभिवृद्धिको व्यवस्था गर्ने ।

८) सुचना तथा प्रविधिका प्रणालीहरुमा उपलब्ध वा सूचनालाई आवश्यकता अनुसार स्थानीय तहको विकास प्रकृया/कृयाकलापमा प्रमाणको रुपमा प्रयोग गर्ने ।

## परिच्छेद-५

## स्रोत परिचालन र खर्च

१) कार्यविधिको प्रभावकारी कार्यान्वयनका लागि महावै गाउँपालिकाले आवश्यक श्रोतको व्यवस्थापन गर्नेछ । यसका लागि सार्वजनिक तथा निजि स्रोत परिचालन गर्नुका साथै सूचना विकास कोष तथा विभिन्न राष्ट्रिय तथा अर्न्तराष्ट्रिय साझेदार संघ संस्थाहरुबाट प्राप्त हुने आर्थिक तथा प्राविधिक सहयोगको नीति तथा कार्यक्रम कार्यन्वयनका लागि उपयोग गरिनेछ ।

२) सूचना प्रविधि विकास कोषमा महावै गाउँपालिकाले वार्षिक सम्भारका रुपमा आवश्यक बजेट विनियोजन गर्नेछ ।

३) आवश्वक मानवस्रोत व्यवस्थापन, बार्षिक अपडेट, मर्मत सम्भार, नयाँ नयाँ प्रविधि खरिदका लागि सूचना प्रविधि विकास कोष परिचालन गरिनेछ ।

## परिच्छेद ६

## विविध

### १) कानूनी तथा नियामक व्यवस्था

यस कार्यविधिको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न आवश्यक कानूनी तथा नियामक अवस्था मिलाइनेछ ।

### २) अनुगमन तथा मूल्याङ्कन

यस कार्यविधिलाई समय तालिका सहितको कार्य योजना बनाई कार्यान्वयन गरीने छ । कार्यविधि कार्यान्वयनको अनुगमन गर्न अनुगमन तथा मूल्याङ्‍ प्रारुप (Monitoring and Evaluation Framework) तयार गरिनेछ । साथै यो नीति कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन गर्ने दायित्व निर्देशक समितिको हुनेछ ।

### ३) पूर्वानुमान तथा जोखिम

प्रस्तुत कार्यविधि तर्जुमा गर्दा देहाय बमोजिमको पूर्वानुमान तथा जोखिम आधारित रही गरिएको छ ।

क) पालिका विकासका वृहत्तर लक्ष्यहरु प्राप्त गर्न सूचना तथा सञ्चार प्रविधिको विकासमा आउँदा दिनहरुमा उल्लेख्य श्रोत साधनको व्यवस्थापनका साथै उच्च स्तरको राजनैतिक प्रतिवद्धता रहनेछ ।

ख) यस कार्यविधिको प्रभावकारी कार्यान्वयन गरिँदा विशेषत सार्वजनिक सेवा प्रवाहमा सूचना तथा सञ्चार प्रविधिको

मागं उल्लेख्य रुपमा बढ्न गई उक्त क्षेत्रमा निजी क्षेत्रसमेतको लगानी प्रचुर मात्रमा बढ्नेछ ।

ग) सूचना तथा सञ्चार प्रविधि क्षेत्रमा लगानी आकर्षित गर्न यथाशिघ्र आवश्यक कानूनी तथा नियामक सुधार गरी इजाजत-पत्र तथा फ्रिक्वेन्सी स्पेक्ट्रम उपलब्धतामा देखिएका चुनौतीहरुको प्रभावकारी सम्बोधन हुनेछ ।

**४) जोखिम (Risk)**

क) आवश्यक कानूनी तथा नियामक व्यवस्थामा अपेक्षित सुधारको अभाव हुनगई सूचना तथा सञ्चार प्रविधि क्षेत्रमा लगानी वातारण कम्जोर हुन सक्नेछ ।

ख) विद्यामान उर्जा सङ्कटको निरन्तरताले गर्दा सूचना तथा सञ्चार प्रविधिको समग्र मागमा कमी हुन गई निजी क्षेत्रको लगानी सम्भावनामा नकारात्मक असर पर्न सक्नेछ ।

ग) सूचना तथा सञ्चार प्रविधि विकास र विस्तार सम्बन्धी प्रयासमा अपेक्षित अनुगमन तथा निगरानी कमजोर हुन गई व्यापारिक लाभ भन्दा बाहिर रहेका क्षेत्रहरु सूचना तथा सञ्चार प्रविधिको पहुँचबाट बञ्चित रही रहने अवस्था सिर्जना हुन सक्नेछ ।

## ५) खारेजी तथा बचाउ

क) कार्यविधि जारी हुनुभन्दा अगाडि भएको गरेको व्यवस्था यसै कार्यविधि बमोजिम भएको मानिनेछ। साथै कार्यविधि संघीय एवं प्रादेशिक कानूनसँग बाझिएको हदसम्म अमान्य हुनेछ।

ख) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र यस कार्यविधिमा व्यवस्था भए बाहेकका विषयमा नीतिगत निर्णय गर्न आवश्यक भएमा त्यस्तो निर्णय महावै गाउँपालिकाको अधिकार प्राप्त निकायले गर्नेछ।

ग) यो कार्यविधिमा कुनै बाधा अड्काउ परेको खण्डमा महावै गाउँपालिकाको कार्यपालिका बैठकले आवश्यकता र औचित्यताको आधारमा कार्यविधिको व्यख्या, परिमार्जन/संशोधन र खारेजी गर्न सक्नेछ।

# अनुसूचि

(दफा ३(छ) संग सम्बन्धित)

**प्रयोग गरिने उपयुक्त प्रणालीहरु**

| क.सं. | सूचना प्रणाली |
|---|---|
| १ | वेवसाइट/तथ्यांक पोर्टल (Web site/data protal) |
| २ | स्थानीय एफ.एम. (Local FM) |
| ३ | एस.एम.एस (Text messaging system) |
| ४ | अडियो म्यासेज (Audio messaging system) |
| ५ | एकिकृत व्यवस्थापन प्रणाली (Intergrated management system) |
| ६ | कृषि कार्यक्रम व्यवस्थापन प्रणाली (Agriculture information management system) |
| ७ | न्यायिक मामिला व्यवस्थापन प्रणाली (Judicial affairs management system) |
| ८ | विद्युतिय सिफारिस (Electronic Recommendation system) |
| ९ | डिजिटल नोटिस बोर्ड (Digital notice board) |
| १० | मोवाईल एप (Mobile App) |
| ११ | फेसवुक (Facebook Page) |

| | |
|---|---|
| १२ | टुइटर (Twitter) |
| १३ | युटुव (Youtube) |

## अनुसूचि
## (दफा ३(छ) संग सम्बन्धित)

| क्र.सं. | दस्तावेज | अपलोड गरिनुपर्ने दिन |
|---|---|---|
| १ | कार्यपालिकाको निर्णय | ३ दिन भित्र |
| २ | बार्षिक नीति तथा कार्यक्रम | १ महिना भित्र |
| ३ | वार्षिक बजेट | १ महिना भित्र |
| ४ | पारित भएका निति नियम | १५ दिन भित्र |
| ५ | सूचना जानकारी | २ दिन भित्र |
| ६ | प्रगति प्रतिवेदन | ७ दिन भित्र |
| ७ | आर्थिक प्रतिवेदन | ७ दिन भित्र |
| ८ | न्याय सम्पादन विवरण | १५ दिन भित्र |

## अनुसूचि
### (दफा १३ संग सम्बन्धित)
### सूचना प्रविधि विस्तार र प्रयोगसम्वन्धि बार्षिक कार्ययोजना

| क्र.स | क्रियाकलाप | संखया स्थान | सम्पन्न गरिने मिति | जिम्मेवारी | सहयोग |
|---|---|---|---|---|---|
| १ | पालकि स्तरिय सूचना प्रविधि केन्द्रको सुरक्षा, संचालन, | १ | निरन्तर | सूचना प्रविधि अधिकारी | |

| | | | | | |
|---|---|---|---|---|---|
| | व्यवस्थापन तथा<br>समिक्षा | | | | |
| २ | सामुदायिक सुचना प्रविधि<br>केन्द्रको सुरक्षा,संचालन,<br>व्यवस्थापन तथा समिक्षा | २ | निरन्तर | वडा कार्यालयका<br>सचिव | सम्वन्धित वडाका वडा अध्यक्ष |
| ३ | वेवसाईड र डाटा पोर्टल<br>प्रयोगको समिक्षा र अपडेट | १ | वर्षको<br>दुईपटक | सूचना प्रविधि अधिकारी | अध्यक्ष, उपाध्यक्ष,<br>वडा अध्यक्षहरु,<br>प्र.प्र.अ |
| ४ | डाटा पार्टल भित्र रहेका<br>विभिन्न प्रणालीहरु<br>(IMS*,JAMS**<br>AMS***,Tex | १ | वर्षको<br>दुईपटक | सूचना प्रविधि अधिकारी | अध्यक्ष, उपाध्यक्ष,<br>वडा अध्यक्षहरु, |

| | | | | | |
|---|---|---|---|---|---|
| | ts and audio massaging system E-recommendation) को निरन्तर प्रयोग र समिक्षा | | | | प्र.प्र.अ |
| ५ | गाउँपालिका संग सम्वन्धि तयार दृश्य सामग्रीहरुको संकलन र प्रशारण | १ | निरन्तर | सूचना प्रविधि अधिकारी | |
| ६ | विद्यालयमा इन्टरनेट सेवा | १७ | निरन्तर | गाउँ कार्यपालिकाले तोकेको व्यक्ती | विद्यालयका प्र.अ शिक्षकहरु |
| ७ | बजार क्षेत्र वा बाक्लो | | | गाउँ कार्यपालि | सम्वन्धित |

| | | | | | |
|---|---|---|---|---|---|
| | वस्तीमा निःशुल्क इन्टरनेट सेवा विस्तार | | | काले तोकेको व्यक्ती | वडाका वडा सचिव |
| ८ | शिक्षहरुलाई शिक्षामा प्रविधि सम्वन्धि तालिम | १ | एकपटक | गाउँ कार्यपालिका | विद्यालय रहेका वडाका वडा अध्यक्षहरु |
| ९ | नागरिक /नागरिक समाज संस्थाहरुका लागि प्रविधि साक्षरता तालिम | ५ | एकपटक | गाउँ कार्यपालिका | सम्वन्धित वडाका नागरिक समाज संस्था |

*IMS- Integrated Management System.
**JAMS-Judicial Affairs Management System.
***AIMS-Agriculture Information Management System.

आज्ञाले
प्रकाश शाही
प्रमुख प्रशासकीय
अधिकृत
महावै गाउँपालिका